# जिल्ला समन्वय समितिको कार्यालय

## कास्की ।

# बार्षिक प्रगति समिक्षा गोष्ठी

# प्रतिवेदन

# आ.व. २०७३/०७४

**०७४ श्रावण १८**

# आ.व. ०७३/०७४ को बार्षिक प्रगति समिक्षाको प्रतिवेदन

- गत आ.व. २०७३/०७४ मा साविक जिल्ला विकास समिति र हाल जिल्ला समन्वय समितिको कार्यालय लगायत जिल्लास्थित विकास निर्माण र पुर्वाधार विकासको सम्वन्धित विभिन्न विषयगत कार्यालयहरुवाट संचालन/कार्यान्वयन भएका योजना/आयोजना/कार्यक्रमहरुको भौतिक/आर्थिक विकास तर्फको चालु र पुँजिगत खर्चको प्रगतिको विवरणको  प्रस्तुती सम्बन्धित कार्यालय प्रमुखज्यूहरुवाट प्रस्तुत भयो ।

- जिल्लास्थित विकास तथा पूर्वाधार निर्माणसगँ सम्वन्धित विषयगत कार्यालयका प्रमखज्यूहरुवाट प्रस्तुत भएको गत आ.व. २०७३/०७४ को वार्षिक प्रगतिउपर समिक्षा गोष्ठीमा सहभागी विभिन्न राजनैतिक दलका प्रमुख तथा पदाधिकारीज्यूहरु, अन्य विषयगत कार्यालयका प्रमुख/प्रतिनिधिज्यूहरु तथा पत्रकार समेतका सहभागीहरुवाट राखेका जिज्ञासाहरुको सम्वन्धित कार्यालय प्रमुखज्यूवाट सम्वोधन (**Response** ) गर्ने काम भयो ।

- बार्षिक प्रगति प्रस्तुत गर्ने कार्यालय प्रमुखज्यूहरुले कार्यालयको वार्षिक प्रगती प्रस्तुति गर्दा मुख्य रुपमा बढी सफल भएका योजना/आयोजना/कार्यक्रमहरु (Pilot plan/project/program ) हरुको विवरण र सफल हुनाका कारणहरु समेत प्रस्तुत गर्नु भएको थियो, यस क्रममा कार्यालयवाट वार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्दा देखिएका सवल पक्षहरु, समस्याहरु र समाधान गर्न गरिएका पहल र प्रयासहरु समेत प्रस्तुत गरिएको थियो ।

- कार्यालय प्रमुखज्यूहरुले कतिपय कार्यक्रमहरु कार्यान्वयन हुन नसक्नुका कारणहरुमा कतिपय अख्तियारी र कार्यक्रमहरु गत आ.व. को ज्यादै अन्त्यतिर आएका निर्वाचन क्षेत्र र पूर्वाधार विशेषका कार्यक्रमहरु, श्रोत सुनिश्चितताका कार्याक्रमहरु कार्यान्वयन गर्नको लागि उपभोक्ता समिति गठन गरेर सम्झौता गर्न नआउनु, **site selection** नगरी योजना स्वीकृत हुनु, ठेकेदार र उपभोक्ता समितिहरुवाट कतिपय योजनाहरु/आयोजनाहरु समयमा नै सम्पन्न गर्न नसक्नु समेतका कारणहरु औल्याइएको थियो । उल्लेखित कारणहरु पूँजीगत वजेट खर्च हुन नसकी रकम केन्द्रिय/स्थानीय खातामा रकम फिर्ता गरी फ्रिज हुनुका कारणहरु समेत भएको व्यहोरा कार्यालय प्रमुखज्यूहरुको प्रस्तुतीमा समेटिएको थियो ।

- कार्यालय प्रमुखज्यूहरुले सहभागीहरुको तर्फवाट राखिएका जिज्ञासाहरुको सम्वोधन (**Response** ) गरेपछि चालु आ.व. र आगामी आ.व. हरुमा

योजना/आयोजना/कार्यक्रमहरुको कार्यान्वयन गर्दा गत आर्थिक वर्षमा देखिएका समस्या/कमजोरीहरु चालु आ.व.को प्रारम्भदेखि नै सुधार गरी श्रोत र साधनको मितव्ययीता, कार्यक्षमता र प्रभावकारीता पक्षहरुलाई अझ वढी सुधार गरी दिगो विकासमा सहयोग पुग्ने गरी कार्य तालिका बनाएर कार्यान्वयन गर्ने गरी सुधार गर्न सम्वन्धित सवै कार्यालय प्रमुखहरुलाई निर्देशन दिईएको थियो ।

- बार्षिक प्रगति समिक्षा गोषठीमा विषयगत कार्यालय प्रमुखज्यूहरुवाट पेश भएको कार्यालयको वार्षिक प्रगति विवरण संलग्न गरिएको छ ।

- सवै कार्यालय प्रमुखज्यूहरुवाट प्रस्तुती गर्ने कार्य सम्पन्न भएपछि गोष्ठीको अध्यक्षता गर्नु भएका स्थानीय विकास अधिकारीज्यूवाट गत आर्थिक वर्षको समिक्षावाट **feedback** लिएर कार्यान्वयनमा देखिएका सवल पक्षहरुलाई अझ वढी प्रभावकारी वनाउन, कार्यान्वयनमा देखिएका कमि कमजोरीहरुलाई चालु आर्थिक वर्षमा पुनरावृत्ति हुन नपाउने गरी तत्कालै सुधारको पहल गर्ने र समस्याको विस्तृत विश्लेषण गरी परिस्थितिको विचार गरी समयमा नै उपयुक्त निकासको पहल गर्न आग्रह गर्नुभयो । स्थानीय विकास अधिकारीज्यूले स्थानीय तहहरुको पुन: संरचना गरी गाउँ र नगरवाट नै सेवा प्रवाह र पुर्वाधार निर्माणका कार्यहरु गर्ने गरी सम्वैधानिक र कानूनी व्यवस्था भएकोले सवै विषयगत कार्यालय प्रमुखज्यूहरुले कर्मचारीहरुको स्थानीय तहमा सहज व्यवस्थापन गरी विषयगत कार्यालयको तर्फवाट गरिआएका कार्यहरु जिल्लाका स्थानीय तहहरुवाट सहजढगंवाट संचालन/सम्पादन गर्ने गरी स्थानीय तहसगँको समन्वय गरी उचित व्यवस्थापन गर्न सवै कार्यालय प्रमुखज्यूहरुलाई निर्देशन दिएर वार्षिक समिक्षा गोष्ठीको समापन गर्नुभयो ।


गत आ. व. २०७३/०७४ मा कार्यान्वयन भएका
योजना / आयोजना / कार्यक्रमहरूको
बार्षिक प्रगति समिक्षा गोष्ठी
२०७४ श्रावण १८ गते बुधबार
आयोजक
जिल्ला समन्वय समितिको कार्यालय
कास्की


गत आ. व. २०७३/०७४ मा कार्यान्वयन भएका
योजना / आयोजना / कार्यक्रमहरूको
बार्षिक प्रगति समिक्षा गोष्ठी
२०७४ श्रावण १८ गते बुधबार


वार्षिक प्रगति समिक्षा गोष्ठी
२०७४ श्रावण १८ गते बुधबार
जिल्ला समन्वय समितिको कार्यालय
कास्की



